**गाउँ सभाबाट स्वीकृत मिति : २०७८।३।९**

# आर्थिक ऐन २०७८

थाक्रे गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

थाक्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

महादेववेशी, धादिङ

बागमती प्रदेश, नेपाल

# आर्थिक ऐन २०७८

**प्रस्तावना :** थाक्रे गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थाक्रे गाउँपालिकाका गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि थाक्रे गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको भौतिक संरचना (घर) र त्यसले चर्चेको जग्गामा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची -१ (क) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि जग्गा र घरको मूल्यांकन दर तथा घरको ह्रास कट्टीको दर अनुसूची -१ (ख) मा  उल्लेख भए बमोजिम हुनेछ ।

**३. भूमि कर (मालपोत) :** (१) गाउँपालिका क्षेत्रभित्रका जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असूल उपर गरिनेछ । तर दफा (२) बमोजिम सम्पत्ति कर लगाईएको जग्गामा भूमि कर ( मालपोत) लगाईने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची - २ मा उल्लेख भएबमोजिम हुनेछ ।

**४. घर जग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा बहाल कर लगाईने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची - ३ मा उल्लेख भएबमोजिम हुनेछ ।

**५. व्यवसाय कर :** (१) गाउँपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यबसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केट एवं अन्य व्यवसायको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असूली गरिनेछ ।

(३) यस दफा बमोजिम लगाइने ब्यावसाय करको दर अनुसूची - ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची - ५ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

तर, त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइनेछैन ।

**७. सवारी साधन कर :** (१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची - ६ मा तोकिए बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने डिजिटलबोर्ड, साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची - ७ मा तोकिए बमोजिम हुनेछ ।

**९. मनोरञ्जन कर :** (१) गाउँपालिकाले प्रदेश कानूनले तोक बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी शुल्क :** (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले निर्माण, रेखदेवा वा संचालन गरेका हाटबजार वा पसलमा बहाल विटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर अनुसूची - ८ मा तोकिए बमोजिम हुनेछ ।

**११. पार्किङ्ग शुल्क :** (१) गाउँपालिकाले आफनो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई ् पार्किङ्ग सुविधा उपलब्ध गराएबापत अनुसूची - ९ मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा रयाफ्टिङ्ग शुल्क :** (१) गाउँपालिकाले आफनो क्षेत्रभित्र ् ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा रयाफ्टिङ्ग सेवा

वा व्यवसाय संचालन गरेबापत अनुसूची - १० मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सडक मर्मत सुधार सेवा शुल्क :** (१) गाउँपालिकाले आफुले निर्माण गरेका वा आफुलाई हस्तान्तरण भई आएका सडकहरुमा संचालन हुने सवारी साधनहरुमा अनुसूची - ११ मा उल्लेख भए बमोजिमको दरमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. वातावरण तथा सरसफाई शुल्क :** (१) गाउँपालिकाले आफुले क्षेत्रभित्रका प्राकृतिक स्रोतको व्यवसायिक रुपमा उपयोग गरेबापत अनुसूची - १२ मा उल्लेख भए बमोजिमको दरमा वातावरण तथा सरसफाई शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१५. सेवा शुल्क तथा सिफारिस प्रमाणित दस्तुर :** (१) गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय मार्फत उपलब्ध गराउने विभिन्न किसिमका सेवा, सिफारिश, प्रमाणित, इजाजत जस्ता प्रशासनीक सेवामा अनुसूची - १३ मा उल्लिखित दरमा शुल्क तथा दस्तुर लगाई असूल उपर गर्नेछ ।

**१६. बिक्री गर्न सक्ने :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य स्थलबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परिक्षणबाट तोकिएको परिमाणमा संकलन हुने ढुंगा, गिटट्ी, बालुवा एबम् माटोजन्य वस्तुहरु अनुसूची -१४ मा उल्लेख भए बमोजिमको दरमा विक्री गरि रकम असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरु विक्री गर्दा विक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम विक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सकिनेछ ।

**१७. दण्ड जरिवाना :** (१) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तब्य भएको व्यक्ति वा संघसंस्थाले कर्तब्य पालना गाउँको वा गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा अनुसूची - १५ मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्न सक्नेछ ।

**१८. कर छुट :** (१) यस ऐन बमोजिम बार्षिक रुपमा तिर्नुपर्ने कर अनुसूची – १ मा उल्लेख भएको समयसिमा भित्र बुझाएमा सोही अनुसूचीमा उल्लेख भए बमोजिम छुट दिइनेछ तर उल्लेखित बाहेक यस ऐन बमोजिक कर, शुल्क तथा दस्तुर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१९. कार्यविधि बनाउन सक्ने :** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपलिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

**२०. प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची -१ (क)

(दफा २ को उपदफा (२) संग सम्वन्धित)

# सम्पत्ति करको दर

न्यूनतम रु १००/- र सो भन्दा माथी निम्नानुसारको सम्पत्तिकर लाग्ने छ ।

| **सम्पत्तिको मूल्यांकन** | **वार्षिक दर** |
|---|---|
| पाँच लाख भन्दा कम सम्पत्तिमा | कर नलाग्ने |
| वीस लाख रुपैयाँसम्म | प्रति लाख रु. १० (रु दश) |
| एक्काइस लाख देखि पचास लाख रुपैयाँसम्म | प्रति लाख रु. १२ (रु बाह्र) |
| एकाउन्न लाख देखि नब्बे लाख रुपैयाँसम्म | प्रति लाख रु. १५ (रु पन्ध्र) |
| एकानब्बे लाख रुपैयाँदेखि एक करोड पचास लाख रुपैयाँसम्म | प्रति लाख रु. २० (रु वीस) |
| एक करोड एकाउन्न लाख रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु. २५ (रु पच्चिस) |
| दुई करोड एक लाख रुपैयाँदेखि तीन करोडरुपैयाँसम्म | प्रति लाख रु.३० (रु तीस) |
| तीर्न करोड एक लाख रुपैयाँदेखि तीन करोड पचहत्तर लाख रुपैयाँसम्म | प्रति लाख रु.४० (रु चालिस) |
| तिन  करोड छयत्तर लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु.५५ (रु पचपन्न) |
| पाँच करोड रुपैयाँदेखी माथी | प्रति लाख रु.६५ (रु पैसठी) |

मुल्यांकन रकमलाई रु लाखमा *(round figure)*मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

नोट :

- सम्पत्तिकर निर्धारणका लागि सम्पत्ति धनीले तोकीएको ढाँचामा सम्पत्तिको विवरण खुलाई गाउँपालिकाले तोकेको स्थानमा पेश गर्नुपर्दछ ।
- सम्पत्ति धनीले प्रत्येक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्नेछ ।
- कर समयमा नबुझाएमा गत आर्थिक वर्षको वक्यौता मा ३० प्रतिशत र अघिल्ला आर्थिक वर्षहरुमा थप २० प्रतिशत का दरले जरिवाना लाग्ने छ ।
- सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा लाग्ने कर रकममा दश प्रतिशत छूट दिईनेछ ।
- यस पयोजनका लागि सम्पत्ति विवरण लुकाई कर छली गरेको उजुरी परेको र सो सम्वन्धमा छानवीन गर्दा कर छली गरेको ठहर भएमा असुल उपर हुने करको ७५ प्रतिशत जरिवाना लिइने छ । सो जरीवानाको २५ प्रतिशत रकम उजुरीकर्तालाई पुरस्कार स्वरुप प्रदान गरिने छ ।
  उजुरीकर्ताको नाम गोप्य राखिने छ ।

## अनुसूची - १ (ख)

(दफा २ को उपदफा (३) संग सम्वन्धित)

## जग्गाको मूल्यांकन दर

रष्ट्रिेशन पास प्रयोजनका लागि जिल्ला मालपोत कार्यालयले यस गाउँपालिका क्षेत्र भित्रका तोकिएका जग्गाहरुको लागि निर्धारण गरेको न्यूनतम दररेटलाई न्युनतम दररेट कायम गरी जग्गाको मूल्याङकन गरिने छ । न्युनतम नेपाल सरकारबाट तोकिएको मूल्यको दोब्बर मूल्य वा स्थानीय प्रचलित मुल्यलाई अधिकतम मूल्य मानिने छ ।

## घरको मूल्यांकन दर तथा ह्रास कट्टी दर

सम्पत्तिकर निर्धारण प्रयोजनका लागि घर तथा भौतिक संरचनाहरुको मूल्याङकन दररेट देहाय बमोजिम वा स्वघोषणा अनुसार देहाय अनुसार दर रेटमा नघट्ने गरी मूल्याङकन गरिने छ ।

| सि.नं. | प्रकार | दररेट (प्रति वर्गफिट) | ह्रास कटट्ी दर |
|---|---|---|---|
| क | आरसिसि प्रेम स्टक्चर | रु १८००।०० | वार्षिक १.५ प्रतिशतका दरले ६० बर्ष सम्म |
| ख | सिमेन्टजोडाई ढुङगा वा इटाको गाह्रो र आरसिसि आरसिसि छाना भएको घर | रु १६००।०० | वार्षिक २ प्रतिशतका दरले ४५ बर्ष सम्म |
| ग | माटोको जोडाई इटा वा ढुङगाको गाह्रो आरसिसि छाना भएको | रु १२००।०० | वार्षिक ३ प्रतिशतका दरले ३० बर्ष सम्म |
| घ | सिमेन्टको जोडाई इटा, ढुङगा वा ब्लकको गाह्रा जस्ताको छानो भएको घरे | रु १०००।०० | |
| ङ | माटोको जोडाई इटा, ढुङगाको गाह्रो जस्ताको छानो भएको घर | रु ८००।०० | वार्षिक ५ प्रतिशतका दरले १८ बर्ष सम्म |
| च | सिमेन्टको जोडाई इटा, ढुङगाको गाह्रो टायलको छानो भएको घर | रु ६००।०० | |
| छ | काठको घर | रु ४००।०० | वार्षिक १० प्रतिशतका दरले ९ बर्ष सम्म |

*नोटः माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा वनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।*

सम्पत्ति कर निर्धारणका लागि करदाताले गाँउपालिकाबाट तोकिएको ढाँचामा उल्लेख भएअनुसारका आफ्नो सबै सम्पतिको विवरण खुलाउनु पर्नेछ । विवरण फाराममा उल्लेखित सबै विवरण नखुलाई पेश भएको विवरणमा पछि कुनै थप विवरण खुल्न आएमा वा झुट्टा विवरण पेश गरी सम्पत्ति लुकाएको पाईएमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा समावेश गरी कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकम वरावर जरिवाना थप गरि कर असुल गरिने छ ।

**अनुसूची - २**

दफा ३ को उपदफा (२) संग सम्वन्धित)

# भूमी कर (मालपोत)

| जग्गाको किसिम | मालापोत दर (प्रति रोपनी) | | | |
|---|---|---|---|---|
| | **क वर्गमा पर्ने** | **ख बर्गमा पर्ने** | **ग बर्गमा पर्ने** | **घ बर्गमा पर्ने** |
| | पृथ्वी राजमार्गको आसपास ५०० मिटर भित्र पर्ने बाटोले छोएका जग्गाहरु | त्रिभुवन राजपथ र भिमढुङ्गा लामिडाडा हुँदै धार्के बजार जोडिने वैकल्पिक मार्गमा पर्ने जग्गाहरु | वडास्तरीय कच्चि मार्गले छोएका जग्गाहरु | "क" "ख" र "ग" बर्गमा पर्ने बाहेकका सबै जग्गाहरु |
| अब्बल | रु २५ | रु १५ | रु १२ | रु १० |
| दोयम | रु २० | रु १२ | रु १० | रु ८ |
| सिम | रु १८ | रु १० | रु ६ | रु ५ |
| चार | रु १५ | रु १० | रु ६ | रु ५ |

नोट :

- प्रति रसिद न्यूनतम रु २०।- हुनेछ ।
- बक्यौता मालपोत असुली प्रयोजनको लागि अघिल्लो बर्षको बक्यौता रकमको २५ प्रतिशत थप जरिवाना लाग्नेछ । विगतको वक्यौता रकमलाई विगतकै दरमा भुमिकार हिसाब गरी त्यसमा जरिवाना जोडी वक्यौता असुल गरिनेछ । चालु आ.व.को पौष मसान्त भित्र मालपोत बुझाउनेलाई १० प्रतिशत छुट दिइनेछ ।
- यस पयोजनका लागि जग्गाको झुट्टा मुल्यांकन गरी मालपोत छली गरेको उजुरी परेको र सो सम्वन्धमा छानवीन गर्दा मालपोत छली गरेको ठहर भएमा असुल उपर हुने करको ७५ प्रतिशत जरिवाना लिइने छ । सो जरीवानाको १५ प्रतिशत रकम उजुरीकर्तालाई पुरस्कार स्वरुप प्रदान गरिने छ । उजुरीकर्ताको नाम गोप्य राखिने छ ।

## अनुसूची - ३

दफा ४ को उपदफा (२) संग सम्वन्धित)

## घरबहाल कर

गाउँपालिका क्षेत्र भित्र कुनै घर, पसल, गोदाम, टहरा, सेड (छप्पर) कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा दिएकोमा सम्बन्धित घर वा जग्गा धनीबाट १० प्रतिशत कर लिने । घरभाडा सम्झौता अनुसार हुने रकम वा देहायको न्यूनतम् भाडा दर अनुसार जुन बढी हुन्छ सो अनुसार भाडा कर कर १० प्रतिशत लाग्ने छ ।

| क्र.सं. | विवरण | ऋवधि | न्युनतम भाडा दर |
|---|---|---|---|
| १ | राष्ट्रिय राजमार्ग क्षेत्रका सटर (प्रति सटर) | मासिक | ३,००० |
| २ | राजमार्ग क्षेत्रमा भित्रि सडकका सटर (प्रति सटर) | मासिक | १,००० |
| ३ | राजमार्ग क्षेत्रमा घरको माथिल्लो तला वा अन्डरग्राउन्ड कोठा | मासिक | १,५०० |
| ४ | भित्रि सडकका घरका माथिल्लो तलाका कोठाहरु | मासिक | १,००० |
| ५ | ग्रामिण क्षेत्रका सटर भाडा | मासिक | १,००० |
| ६ | ग्रामिण क्षेत्रका कोठा भाडा | मासिक | ५०० |
| ७ | राजमार्गका घुम्ती पसल भाडा | मासिक | १,००० |
| ८ | जग्गा भाडा (राजमार्ग क्षेत्र) प्रति रोपनी | मासिक | ४,००० |
| ९ | जग्गा भाडा (ग्रामिण क्षेत्र व्यापार व्यवसाय संचालन गर्ने) प्रति रोपनी | मासिक | १,००० |
| १० | उद्योग, व्यवसाय, फर्म संचालनका लागि लिएको जग्गा भाडा (प्रति रोपनी) | मासिक | ४,५०० |

# अनुसूची - ४

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

## व्यवसाय करको दर

| सि.नं. | व्यवसायको विवरण | वार्षिक कर | संशोधित वार्षिक कर | कैफियत |
|---|---|---|---|---|
| **१.** | **डिपार्टमेन्ट स्टोर** | ५००० | १०,००० | |
| **२.** | **होलसेल/थोक पसल** | | | |
| २.१ | खाद्यन्न (सप्लायर्स/इन्टरप्राइजेज) | २५०० | २,५०० | |
| २.२ | मदिरा/सूर्तिजन्य | ७००० | १०,००० | |
| २.३ | फलफुल | २००० | २,००० | |
| २.४ | तरकारी | २००० | २,००० | |
| २.५ | स्टेश्नरी | २००० | २,००० | |
| २.६ | गिफ्ट/कस्मेटिक/कोसेली घर | २००० | २,००० | |
| २.७ | प्लाई तथा ग्लास हाउस | २५०० | ३,००० | |
| २.८ | कपडा तथा फेन्सी | २५०० | ३,००० | |
| २.९ | ईलेक्ट्रोनिक तथा विद्युतिय सामाग्री | ३००० | ३,००० | |
| २.१० | हार्डवेयर/मेशिनरी/पेन्टेस/सेनिटरी तथा मार्वल | १०००० | १०,००० | |
| २.११ | भाडा पसल | २५०० | ३,००० | |
| २.१२ | फर्निचर तथा फिक्स्चर | ५००० | ५,००० | |
| २.१३ | जुत्ता | | ३,००० | |
| २.१४ | मोबाइल | ५००० | ५,००० | |
| २.१५ | मेशिनरी/कम्प्यूटर | ५००० | ५,००० | |
| २.१६ | ग्यास डिलर | | १०,००० | |
| २.१७ | एग्रोभेट | २००० | २,००० | |
| ३ | **खुद्रा पसल** | | | |
| ३.१ | खाद्यन्न | ८०० | १,००० | |
| ३.२ | मदिरा/सूर्तिजन्य | ३५०० | ५,००० | |
| ३.३ | फलफुल | १००० | १,००० | |
| ३.४ | तरकारी | १००० | १,००० | |
| ३.५ | स्टेश्नरी | १००० | १,००० | |
| ३.६ | गिफ्ट/कस्मेटिक | १००० | १,००० | |
| ३.७ | प्लाई तथा ग्लास हाउस | १५०० | २,००० | |
| ३.८ | कपडा तथा फेन्सी | १००० | १,००० | |
| ३.९ | ईलेक्ट्रोनिक तथा विद्युतिय सामाग्री | १५०० | २,००० | |
| ३.१० | हार्डवेयर/मेशिनरी/पेन्टेस/सेनिटरी तथा मार्वल | ५००० | ५,००० | |

| | | | | |
|---|---|---|---|---|
| ३.११ | भाडा पसल | २००० | २,००० | |
| ३.१२ | फर्निचर तथा फिक्स्चर | २००० | ३,००० | |
| ३.१३ | जुत्ता | | १,००० | |
| ३.१४ | मोबाइल | | १,००० | |
| ३.१५ | मेशिनरी/कम्प्यूटर | २००० | २,००० | |
| ३.१६ | ग्यास पसल | १००० | ५,००० | |
| ३.१७ | एग्रोभेट | १००० | १,००० | |
| ३.१८ | मादल पसल, उद्योग | | १,००० | |
| ३.१९ | काष्ठकला व्यवसाय | | ३,००० | |
| ३.२० | आल्मुनियम वर्कशप | | ५,००० | |
| ३.२१ | मुर्ती निर्माण व्यवसाय | | ३,००० | |
| ४. | **सुन चांदी पसल** | | | |
| ४.१ | काँचो सुन थोक विक्रेता | ४००० | १०,००० | |
| ४.२ | अन्य सून चांदी पसल | २००० | ५,००० | |
| ५. | **औषधी व्यवसाय** | | | |
| ५.१ | औषधी डिस्ट्रिव्युटर्स | ४००० | ४,००० | |
| ५.२ | औषधी पसल | ३००० | ३,००० | |
| ५.३ | निजि अस्पताल | १०००० | १०,००० | |
| ५.४ | क्लिनिक तथा ल्याब | २५००।०० | २,५०० | |
| ५.५ | गैह्र सरकारी अस्पताल | ५००० | ५,००० | |
| ५.६ | नर्सिङ्गहोम | ५००० | ५,००० | |
| ५.७ | पोली क्लिनिक | ३००० | ३,००० | |
| ५.८ | अक्युपन्चर, फिजियो थेरापी क्लिनिक | १५०० | १,५०० | |
| ६. | **आयूर्वेदिक औषधी पसल** | | | |
| ६.१ | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी थोक पसल | २००० | २,००० | |
| ६.२ | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी खूद्रा पसल | १००० | १,००० | |
| ७ | **होटल, रेष्टुरेन्ट तथा रिसोर्ट** | | | |

| | | | | |
|---|---|---|---|---|
| ७.१ | चिया पसल | | ५०० | |
| ७.२ | भोजनालय, क्याफे, मिष्ठान्न भण्डार तथा खाजा घर | | २,००० | |
| ७.३ | क्याटरिङ तथा टेन्ट हाउस | | ४,००० | |
| ७.४ | होटल, रेष्टुरेन्ट एण्ड बार | | १०,००० | |
| ७.५ | होटल एण्ड रिसोर्ट | | १५,००० | |
| ८ | **मोटर पाटर्स बिक्री पसल** | | | |
| ८.१ | मोटर पार्ट सामान बिक्री ग्यारेज सहित | ५००० | ५,००० | |
| ८.२ | मोटर पार्ट सामान आदी बिक्री | ३००० | ३,००० | |
| ८.३ | ग्यारेज मात्र | ३००० | ३,००० | |
| ९ | **बोडी विल्डर्स तथा सामान बिक्री** | | | |
| ९.१ | बोडी विल्डर्स सामान तथा  बिक्री समेत | ५००० | ५,००० | |
| ९.२ | बोडी विल्डर्स सामान तथ ाबिक्री मात्र | ३००० | ३,००० | |
| ९.३ | बोडी विल्डर्स मात्र | ४००० | ४,००० | |
| ९.४ | स्टीकर बिक्री पसल | १००० | १,००० | |
| १० | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | | | |
| १०.१ | बस, ट्रक, ट्रयाक्टर जिप, कारको डिलर | १५००० | १५,००० | |
| १०.२ | मोटरसाइकल डिलर/इन्धनवाला अटो रिक्सा | ५००० | ५,००० | |
| १०.३ | इलेक्ट्रिक साइकल/इलेक्टीक रिक्सा  डिलर | १५०० | १,५०० | |
| १०.४ | अन्य साइकल/रिक्सा | १००० | १,००० | |
| १०.५ | रिकण्डिसन हाउस | ३००० | ३,००० | |
| १०.६ | थोक तथा एजेन्सी एवं खुद्रा | ३००० | ३,००० | |
| १०.७ | टायर डिलर | ३००० | ३,००० | |
| १०.८ | टायर विक्रेता | २००० | २,००० | |
| १०.९ | पम्पिङ सेट जेनेरेटर डिलर | ३००० | ३,००० | |
| १०.१० | मोटर साईकल वर्कसप | १५०० | १,५०० | |
| १०.११ | मोटरसाईकल सोरुम | ५००० | ५,००० | |
| १०.१२ | टायरमर्मत तथा हावाहाल्ने | १००० | १,००० | |
| १०.१३ | पम्पिङ सेट जेनेरेटर विक्रेता | २००० | २,००० | |
| १०.१४ | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सी | २५०० | २,५०० | |
| ११ | **पेट्रोलियम पदार्थ** | | | |
| ११.१ | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | १०००० | १५,००० | |
| ११.२ | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | १०००० | १०,००० | |

| | | | | |
|---|---|---|---|---|
| ११.३ | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | ५००० | ५,००० | |
| ११.४ | ग्यास उद्योग | १००००० | १०,०००० | |
| **१२** | **लूब्रिकेसन सेक्सन तर्फ** | | | |
| १२.१ | लूब्रिकेसन डिस्टिव्युटर्स | ३५०० | ३,५०० | |
| १२.२ | लूब्रिकेसन थोक पसल | ३००० | ३,००० | |
| १२.३ | लूब्रिकेसन खूद्रा पसल | २००० | २,००० | |
| **१३** | **मर्मत तथा संभार सेवा** | | | |
| १३.१ | लेथ सेक्सन | २५०० | २,५०० | |
| १३.२ | टायर रिसोलिङ | १०००० | १०,००० | |
| १३.३ | टायर पन्चर मर्मत | ५०० | १,००० | |
| १३.४ | ईन्जिन र हेड मर्मत | १५००० | १५,००० | |
| १३.५ | डेन्टिङ सेवा र वेल्डिङ सेवा | १०००० | १०,००० | |
| १३.६ | पेन्टिङ सेवा | ५००० | ५,००० | |
| १३.७ | पम्प सेक्सन मर्मत श्रेणी क | ५००० | ५,००० | |
| १३.८ | व्याट्री/इलेक्ट्रिक सेक्सन | ५००० | ५,००० | |
| १३.९ | वासिङ सेक्सन (बाइक र सानो गाडी) | २००० | २,००० | |
| १३.१० | रिक्सा, साइकल मर्मत तथा पार्टस बिक्री पसल | ५०० | ५०० | |
| १३.११ | अटो र मोटरसाइकल मर्मत | ५००० | ५,००० | |
| १३.१२ | कमानी पट्टा मर्मत | ५००० | ५,००० | |
| १३.१३ | रेडियटर मर्मत | २००० | २,००० | |
| १३.१४ | सिट मेकिंग तथा ग्रिसिंग सेवा | २००० | २,००० | |
| १३.१५ | टि.भी., डेक, फ्रिज, कम्प्युटर, मर्मत पसल | १००० | १,००० | |
| १३.१६ | मोर्वाइल मर्मत पसल | १००० | १,००० | |
| १३.१७ | रेडियो, घडी मर्मत पसल | १००० | १,००० | |
| १३.१८ | अन्य मर्मत पसल | १००० | १,००० | |
| १३.१९ | सेक्युरिटी रियल कम्पनी सेवा | २००० | २,००० | |
| **१४** | **परामर्स तथा कन्सल्टेण्ट सेवा** | | | |
| **१४.१** | **विशेषज्ञ परामर्स तथा अन्य ब्यवसायीक सेवा** | | | |
| १४.१.१ | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट चिकित्सक | ५००० | ५,००० | |
| १४.१.२ | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | ५००० | ३,००० | |
| १४.१.३ | कबिराज | ३००० | ३,००० | |
| **१४.२** | **कन्सल्ट्यान्ट सेवा** | | | |
| १४.२.१ | इन्जिनियरिङ परामर्श सेवा फर्म | २००० | २,००० | |
| १४.२.२ | पोली टेक्निकल इन्स्टिच्युट, प्रशिक्षण समेत | ५००० | ५,००० | |
| १४.२.३ | नर्सिङ्ग, सिए.मए.ए. र एच.ए. प्रशिक्षण समेत | ४००० | ४,००० | |
| १४.२.४ | एजुकेशनल कन्सल्टेन्सी सेवा | २००० | २,००० | |
| १४.२.५ | कम्प्यूटर/ईलेक्ट्रोनिक तालिम केन्द्र | १००० | १,००० | |

| | | | | |
|---|---|---|---|---|
| १४.२.६ | कम्प्यूटर डिजाईनिङ सेवा | १००० | १,००० | |
| १४.२.७ | सवारी चालक तालीम केन्द्र | २००० | २,००० | |
| १४.२.८ | भाषा शिक्षा इन्स्टिच्युट, कोचिङ्गसेन्टर | १००० | १,००० | |
| **१४.३** | **कानून व्यवसायी** | | | |
| १४.३.१ | ल फर्म तथा कानून परामर्श सेवा | १००० | १,००० | |
| १४.३.२ | लेखापढी फर्म | ५०० | १,००० | |
| **१४.४** | **लेखा परीक्षण व्यवसाय तर्फ** | | | |
| १४.४.१ | लेखा परीक्षण (सि.ए.) | २००० | २,००० | |
| १४.४.२ | लेखा परीक्षण अन्य | १५०० | १,५०० | |
| **१४.५** | **अनूसन्धान सेवा** | | | |
| १४.५.१ | अनुसन्धानकर्ता | १५०० | १,५०० | |
| १४.५.२ | कम्प्युटर एनालिस्ट तथा प्रोग्रमर | १५०० | १,५०० | |
| १४.५.३ | विमा एजेन्ट | १००० | १,००० | |
| १४.५.४ | सर्भेयर | १५०० | १,५०० | |
| १४.५.५ | नोटरी पव्लिक अनूवादक | १५०० | १,५०० | |
| १४.५.६ | पशु चिकित्सक सेवा | १५०० | १,५०० | |
| १४.५.७ | शेयर ब्रोकर | ३००० | ३,००० | |
| १४.५.८ | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट ब्यवसाय (सप्लायर्स) | २००० | १,०००० | |
| १४.५.९ | पेन्टर | ३००० | ३,००० | |
| १४.५.१० | रियल स्टेट व्यवसाय | १०००० | १०,००० | |
| **१५** | **उत्पादन मुलक उद्योग** | | | |
| **१५.१** | **कृषि जन्य** | | | |
| १५.१.१ | ठुला | १००० | १,००० | |
| १५.१.२ | मझौला | ८०० | ८०० | |
| १५.१.३ | साना | ५०० | ५०० | |
| १५.१.४ | मिश्रित खेती मल बिउ विजन सम्बन्धी कारोवार | | ५,००० | |
| **१५.२** | **गैर कृषि जन्य** | | | |
| १५.२.१ | ठुला | ५०००० | ५०,००० | |
| १५.२.२ | मझौला | ३०००० | ३०,००० | |
| १५.२.३ | साना | ० | ३,००० | |
| **१५.३** | **कृषि तथा पशु आहार उद्योग** | | | |
| १५.३.१ | पशू आहरा उद्योग | ४००० | ४,००० | |
| १५.३.२ | पशू आहरा बिक्री केन्द्र | १५०० | १,५०० | |
| **१६** | **व्यवसायिक कृषि तथा पशुपन्छी फर्म** | | | |

| | | | | |
|---|---|---|---|---|
| १६.१ | ५ लाख सम्म लगानी भएको फर्म | | १,००० | |
| १६.२ | ५ लाख देखि २० लाख सम्म लगानी भएको फर्म | | २,००० | |
| १६.३ | २० लाख भन्दा माथि लगानी भएको फर्म | | ५,००० | |
| **१७** | **कृषि औजार उद्योग** | | | |
| १७.१ | कृषि औजार बिक्री तथा मर्मत केन्द्र (धान, गहु चुटने पिस्ने मेसिन, स्प्रे, ट्याक्टर) | १००० | १,००० | |
| **१८** | **कृषि तथा बनजन्य उद्योग** | | | |
| १८.१ | स:मिल/प्लाइउड उद्योग | ५००० | ५,००० | |
| १८.२ | काठ विक्री डिपो | ४००० | ४,००० | |
| १८.३ | फाईवर र काठको फर्निचर उद्योग/शोरुम | २५००।०० | २,५०० | |
| १८.४ | फाईवर र काठको फर्निचर शोरुम | २००० | २,००० | |
| १८.५ | बेतबांसको उद्योग/व्याम्बो शोरुम | १५०० | १,५०० | |
| **१९** | **प्लाष्टिक जन्य उद्योग** | **३०००** | **३,०००** | |
| **२०** | **चप्पल उद्योग** | **३०००** | **३,०००** | |
| **२१** | **ग्रील उद्योग** | **३०००** | **३,०००** | |
| **२२** | **साबुन उद्योग** | | | |
| २२.१ | साबुन सर्फ उद्योग ठुला | ६००० | ६,००० | |
| २२.२ | साबुन सर्फ उद्योग मझौला | ४००० | ४,००० | |
| २२.३ | साबुन सर्फ उद्योग साना | ३००० | ३,००० | |
| **२३** | **जुत्ता उद्योग** | | | |
| २३.१ | जूत्ता उधोग तथा जूत्ताको शोरुम | १५०० | १,५०० | |
| २३.२ | जूत्ता मर्मत गर्ने | ५०० | ५०० | |
| **२४** | **घरेलू कूटिर उद्योग** | | | |
| २४.१ | अगर बत्ती उद्योग | ५०० | ५०० | |
| २४.२ | मैन बत्ती उद्योग | ५०० | ५०० | |
| २४.३ | टूकी उद्योग | ५०० | ५०० | |
| २४.४ | अचार उद्योग | २०० | २०० | |
| २४.५ | अन्य कुटिर उद्योग | २०० | २०० | |
| **२५** | **कपडा तथा गार्मेन्ट उद्योग** | | | |
| २५.१ | कपडा उद्योग | ४००० | ४,००० | |
| २५.२ | गार्मेन्ट उद्योग | २५०० | २,५०० | |
| २५.३ | ज्याकेट तथा व्याग उद्योग | २००० | २,००० | |
| २५.४ | होजियारी तथा धागो उद्योग | १५०० | १,५०० | |
| २५.५ | सिरक डसना उद्योग/पसल | २००० | २,००० | |
| २५.६ | ढाका उद्योग | १००० | १,००० | |
| **२६** | **पेय पदार्थ उत्पादन उद्योग** | | | |
| २६.१ | मिनरल वाटर उद्योग | ५००० | ५,००० | |

| | | | | |
|---|---|---|---|---|
| २६.२ | पिउने पानी सप्लायर्स | १५०० | १,५०० | |
| २६.३ | आइस बरफ उद्योग | १५०० | १,५०० | |
| २६.४ | आइसक्रीम उद्योग | १००० | १,००० | |
| २६.५ | सोडा उद्योग | १००० | १,००० | |
| २६.६ | कोल्ड स्टोर | | ३,००० | |
| **२७** | **भांडा उद्योग** | | | |
| २७.१ | धातु जन्य भाडा उद्योग | २००० | २,००० | |
| २७.२ | प्लाष्टिक जन्य भाडा उद्योग | ५००० | ५,००० | |
| २७.३ | टिनको बाकस, बाल्टी, स्टोभ | १५०० | १,५०० | |
| २७.४ | तामापित्तलका भाडा बनाउने व्यवसाय | | २,००० | |
| **२८** | **कुटानी, पेलानी मिल** | | | |
| २८.१ | फलावर मिल | १५०० | १,५०० | |
| २८.२ | सेलर मिल मात्र | १५०० | १,५०० | |
| २८.३ | कुटानी, पिसानी पेलानी मिल (हलर समेत) | १००० | १,००० | |
| २८.४ | मसला, चिउरा मिल | १००० | २,००० | |
| २९ | डेरी उद्योग तथा बिक्री पसल | १००० | १,००० | |
| **३०** | **उपभोग्य बस्तू उत्पादन उद्योग** | | | |
| ३०.१ | कूकिज/पाउरोटी/नूडल्स /चाउमिन उद्योग | ३००० | ३,००० | |
| ३०.२ | कन्फेक्सनरी उद्योग | २००० | २,००० | |
| ३०.३ | विस्कूट उद्योग | २००० | २,००० | |
| ३०.४ | दालमोठ उद्योग | २००० | २,००० | |
| **३१** | **उर्जा मुलक उद्योग** | | | |
| ३१.१ | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन | ५००० | ५,००० | |
| ३१.२ | वायो ग्यास उद्योग | ४००० | ४,००० | |
| ३१.३ | सौर्यशक्ति उत्पादन उधोग | ३००० | ३,००० | |
| ३१.४ | सौर्यशक्ति मर्मत संभार पार्ट बिक्री | २००० | २,००० | |
| **३२** | **खनिज उद्योग** | **१५०००** | **१५,०००** | |
| **३३** | **इटा उद्योग चिम्नी** | **५ पैसा प्रति गोटा** | **५ पैसा प्रति गोटा** | |
| **३४** | **इटा तथा रिङ उद्योग** | | | |
| ३४.१ | इटा उद्योग सामान्य/डिलर बिक्रेता | ३०००० | ३०,००० | |
| ३४.२ | ब्लक रिङ उद्योग, निर्माण | | १५,००० | |
| **३५** | **सिमेन्ट उद्योग** | **१००००००** | **१,००,०००** | |
| **३६** | **वासिङ प्लान्ट हपर सहित** | **१००००** | **७५,०००** | **प्रति प्लान्ट** |
| **३७** | फिरफिरे | ३०००० | ५०,००० | **प्रति प्लान्ट** |
| **३८** | **कंक्रिट उद्योग** | | | |
| ३८.१ | ब्लक (इन्टर लक) भुइमा ओछ्याउने | १०००० | २०,००० | |

| | | | | |
|---|---|---|---|---|
| ३८.२ | ब्लक (इन्टर लक) गाह्रो लगाउने | ०।०० | १५,००० | |
| ३८.३ | सेनेटरी उद्योग तथा व्यवसाय | ५००० | ५,००० | |
| ३८.४ | गिट्टी वालूवा आदी संकलन घाटगद्यी तथा बिक्री प्रति ३.मि. | ५०० | ५०० | |
| **३९** | **विद्युत पोल** | **०** | **५०,०००** | |
| **४०** | **क्रसर उद्योग** | | | |
| ४०.१ | क्रसर उद्योग ३०० KVA Transformer जडित | १००००० | १,००,००० | |
| ४०.२ | क्रसर उद्योग ३०० KVA देखि ५०० Transformer जडित | १५०००० | १,५०,००० | |
| ४०.३ | क्रसर उद्योग ५०० KVA भन्दा माथि Transformer जडित | २५०००० | २,५०,००० | |
| **४१** | **पर्यटन उद्योग** | | | |
| ४१.१ | ट्राभल्स एण्ड टुर | १५०० | १,५०० | |
| **४२** | **सेवा उद्योग** | | | |
| **४२.१** | **छापाखाना** | | | |
| ४२.२ | अफसेट प्रेस | २००० | २,००० | |
| ४२.३ | स्क्रिन प्रिन्ट प्रेस | १५०० | १,५०० | |
| ४२.४ | लेजर प्रिन्ट प्रेस | १००० | १,००० | |
| **४३** | **निर्माण ब्यवसायी** | | | |
| ४३.१ | क वर्ग | १५००० | २५,००० | |
| ४३.२ | ख वर्ग | १०००० | २०,००० | |
| ४३.३ | ग वर्ग | ५००० | १५,००० | |
| ४३.४ | घ वर्ग | ५००० | १०,००० | |
| ४३.५ | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता समेत भएको लाई थप | ५००० | ५,००० | |
| ४३.६ | सटरिङ्ग ब्यवसाय | | | |
| ४३.७ | मिक्चर तथा सटरिङ्ग सामान भएको | ३००० | ३,००० | |
| ४३.८ | सटरिङ्ग सामान मात्र भएको | २००० | २,००० | |
| ४३.९ | मिक्चर मात्र भएको | १५०० | १,५०० | |
| ४३.१० | वाटर ड्रिलिङ्ग ब्यवसाय मेसिनरी उपकरण भएकोलाई | ५००० | ५,००० | |
| ४३.११ | ह्युमपाईप | ५०००० | ५०,००० | |
| **४४** | **मनोरञ्जन सेवा** | | | |
| ४४.१ | सिनेमा हल | १०००० | १०,००० | |
| ४४.२ | फिल्म डिस्ट्रिव्युटर्स | ५००० | ५,००० | |
| **४५** | **कलरल्याव सेवा** | | | |
| ४५.१ | कलरल्याव सेवा | २००० | २,००० | |
| ४५.२ | भिडियो मिक्सिङ | २००० | २,००० | |
| ४५.३ | फोटो स्टूडियो सेवा | १००० | १,००० | |
| **४६** | **संचार सेवा** | | | |
| ४६.१ | टेलिफोन, मोवाईल, इन्टरनेट सेवा प्रदायक कम्पनी | १०००० | १०,००० | |
| ४६.२ | ईन्टरनेट वितरक | ३००० | ३,००० | |
| ४६.३ | टि.भि. च्यानल प्रशारण सेवा | ५००० | ५,००० | |
| ४६.४ | केबूल च्यानल प्रशारण सेवा | ५००० | ५,००० | |

| | | | | |
|---|---|---|---|---|
| ४६.५ | एफ.एम.प्रसारण सेवा | १००० | १,००० | |
| ४६.६ | पत्रपत्रिका प्रकाशन सेवा | ५०० | ५०० | |
| **४७** | **कम्युनिकेशन सेवा** | | | |
| ४७.१ | टेलीफोन टावर प्रति थान | ५००० | ५,००० | |
| ४७.२ | विभिन्न रिचार्ज कार्ड थोक विक्रेता | १००० | १,००० | |
| ४७.३ | फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | १५०० | १,५०० | |
| ४७.४ | कुरियर सेवाको मुख्य कार्यालय | १५०० | १,५०० | |
| ४७.५ | कुरियर सेवाको शाखा कार्यालय | १००० | १,००० | |
| **४८** | **बित्तीय सेवा** | | | |
| ४८.१ | बाणिज्य बैंक मुख्य कार्यालय | ५००० | ५०,००० | |
| ४८.२ | वाणिज्य बैंक प्रति शाखा कार्यालय | १५००० | १५,००० | |
| ४८.३ | बिकास बैंक मुख्य कार्यालय | १५००० | १५,००० | |
| ४८.४ | विकास बैंकप्रति शाखा कार्यालय | १०००० | १०,००० | |
| ४८.५ | फाइनान्स कम्पनी मुख्य कार्यालय | १५००० | १५,००० | |
| ४८.६ | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ५००० | ५,००० | |
| ४८.७ | लघुवित्त कम्पनी मुख्य कार्यालय | ५००० | ५,००० | |
| ४८.८ | लघुवित्त कम्पनी शाखा कार्यलय | ५००० | ५,००० | |
| ४८.९ | विमा कम्पनीहरु मुख्य | ५००० | ५,००० | |
| ४८.१० | विमा कम्पनीहरु शाखा | २००० | २,००० | |
| ४८.११ | रेमिट्यान्स तथा मनी एक्सचेन्जर | २००० | २,००० | |
| ४८.१२ | बहुद्धेशिय  सहकारी संस्था | १५००० | १५,००० | |
| ४८.१३ | वित्तीय सहकारी (कृषि) संस्था | २००० | २,००० | |
| ४८.१४ | बचत तथा ऋण सहकारी | १०००० | १०,००० | |
| ४८.५० | महिला विकास सहकारी | २००० | २,००० | |
| **४९** | **सामुदायिक शिक्षालय** | निशुल्क | निशुल्क | |
| **५०** | **निजी शिक्षालय** | | | |
| ५०.१ | माध्यमिक विद्यालय | २००० | २,००० | |
| ५०.२ | आधारभुत | २००० | २,००० | |
| ५०.३ | प्राथमिक विद्यालय | १००० | १,००० | |
| ५०.४ | छात्र/छात्रावास | १००० | १,००० | |
| ५०.५ | मन्टेश्वरी तथा शिशू स्याहर केन्द्र | १०० | ५०० | |
| **५१** | **गैह्र सरकारी संस्थाहरु** | | | |
| ५१.१ | अन्तराष्ट्रिय संस्था (ब्यवसायिक कारोबार गर्ने) | ८००० | ८,००० | |
| ५१.२ | राष्ट्रिय संस्था | ३००० | ३,००० | |
| ५१.३ | स्थानीय संस्था | १००० | १,००० | |
| **५२** | **ड्राइक्लिनिङ, सैलुन तथा ब्युटीपार्लर** | | | |
| ५२.१ | ब्युटी पार्लर सेवा ब्युटिसियन तालीम सहितको | १००० | १,००० | |
| ५२.२ | ब्युटी पार्लर सेवा | १००० | १,००० | |
| ५२.३ | ब्युटीसियन तालिम  सेवा | १००० | १,००० | |
| ५२.४ | सैलून | १५०० | १,५०० | |
| ५२.५ | ड्राइक्लिनिक सेवा हेवी | १५०० | १,५०० | |

| | | | | |
|---|---|---|---|---|
| ५२.५ | ड्राइक्लिनिक सेवा लाईट | १००० | १,००० | |
| **५३** | **साईन वोर्ड आर्ट व्यवसाय** | | | |
| ५३.१ | डिजिटल आर्ट व्यवसाय /फ्लेक्स प्रिन्ट व्यवसाय | १५०० | १,५०० | |
| ५३.२ | अन्य आर्ट | १००० | १,००० | |
| **५४** | **पशूबधशाला** | | | |
| ५४.१ | पशूबधशाला | ५००० | ५,००० | |
| ५४.२ | पशूको छाला संकलन तथा बिक्री केन्द्र | ८००० | ८,००० | |
| **५५** | **माछा, मासु अण्डा बिक्री पसल** | | | |
| ५५.१ | रागा मासु | २००० | २,००० | |
| ५५.२ | खसी/बोका मासु | १००० | १,००० | |
| ५५.३ | बंगुर मासु | १००० | १,००० | |
| ५५.४ | माछा | १००० | १,००० | |
| ५५.५ | कुखुरा | १००० | १,००० | |
| ५५.६ | अण्डा | ५०० | ५०० | |
| **५६** | **फूल बिरुवा विक्री पसल** | | | |
| ५६.१ | नर्सरी | १००० | १,००० | |
| ५६.२ | फूल बिक्री पसल | ५०० | ५०० | |
| **५७** | **स्नूकर/पुल हाउस** | | | |
| ५७.१ | स्नूकर तथा पूल दूवै भएको | १५०० | १,५०० | |
| ५७.२ | स्नूकर | १००० | १,००० | |
| ५७.३ | पुल हाउस | १००० | १,००० | |
| ५७.४ | जीम हाउस | १५०० | १,५०० | |
| **५८** | **हेभिइक्युवमेन्ट तथा अन्य इक्युवमेन्ट** | | | |
| ५८.१ | हेभिइक्युवमेन्ट खरिद/बिक्री | ६००० | ६,००० | |
| ५८.२ | अन्य इक्युवमेन्ट खरिद/बिक्री | ४००० | ४,००० | |
| **५९** | **कवार्ड खरिद बिक्री** | २००० | २,००० | |
| **६०** | **स्पोटर्स, खेलौना, गिफ्ट तथा फोटो फ्रेम पसल** | | | |
| ६०.१ | स्पोटर्स समाग्री, बिक्री पसल | १००० | १,००० | |
| ६०.२ | खेलौना पसल | ५०० | ५०० | |
| ६०.३ | फोटो फ्रेम पसल | ५०० | ५०० | |
| **६१** | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | | | |
| ६१.१ | सिलाई पसल सटिङ सुटिङ | १५०० | १,५०० | |
| ६१.२ | सिलाई पसल | १००० | १,००० | |
| ६१.३ | बुटिक ल्याब्रटोरी | ५०० | ५०० | |
| **६२** | **वैदेशिक रोजगार व्यवसाय** | | | |
| ६२.१ | वैदेशिक रोजगार व्यवसाय मुख्य कार्यालय | ० | २,००,००० | |
| ६२.२ | वैदेशिक रोजगार व्यवसाय शाखा कार्यालय | ० | ५,००० | |
| **६३** | **संगित तथा कला केन्द्र सेवा** | | | |
| ६३.१ | संगित समाग्री बिक्री पसल | ० | १,००० | |
| ६३.२ | संगित तथा कला केन्द्र | ० | १,००० | |
| **६४** | **पुरानो कपडा पेल्ने कारखाना** | ० | २,००० | |
| **६५** | **कम्प्युटर, ड्राइभिङ अन्य इन्च्युिट** | ० | २,००० | |

नोटः

- व्यवसाय कर समयमा नबुझाउन व्यवसायी लाई प्रतिवर्ष २० प्रतिशतका दरले थप जरिवाना लाग्ने छ ।
- महिलाका नाममा दर्ता हुने उद्योग व्यवसायमा लाग्ने दर्ता शुल्कमा ५० प्रतिशत छुट दिइने साथै नविकरणमा पनि ५० प्रतिशत छुटको व्यवस्था गरिने छ तर क्र.स ८, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ४३, ४४, ४८, ५०, ५१, ५८ र ६२ को हकमा यो छुट लागु हुने छैन ।

## अनुसूची - ६

## जडिबुटी, कवाडी र जीवजन्तु करको दर

जडिबुटी, कवाडी तथा जिवजन्तुको (उन, प्वाख, छाला, सिंग)मा बिक्री मुल्याङकनको १% कर लाग्ने छ ।

## अनुसूची (७)

## सवारी साधन कर

| **क्र.सं.** | **वार्षिक सवारी कर** | **वार्षिक कर** | **सवारी दर्ता कर** |
|---|---|---|---|
| १ | स्काभेटर, जेसिवी, डोजर हेवी इक्वीपमेन्ट | ५००० | ५,००० |
| २ | बस, ट्रक, लहरी, आदी हेवी सवारी साधनहरु | २००० | २,००० |
| ३ | भाडाको कार, जिप, माइक्रेबस | १००० | १,००० |
| ४ | भाडाको टेम्पो, अटो रिक्सा (ईलेक्ट्रीक रिक्सा) | ५०० | ५०० |
| ५ | भाडाका ( कार, जीप, माईक्रो बस ) | ५०० | ५०० |
| ६ | निजी सवारिसाधन ( कार, टेम्पो, मिनिबस ) वार्षिक | ३०० | ३०० |
| ७ | मोटरसाईकल | २०० | २०० |
| ८ | भाडाका पावरटीलर | १५० | १५० |
| ९ | ठेलागाडा, रिक्सा | २५ | २५ |

- गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नविकरण गर्दा लाग्ने करको दर निम्न अनुसार हुनेछ :

| क्र.सं. | सवारीको किसिम | दर्ता तथा इजाजत | वार्षिक कर |
|---|---|---|---|
| १ | अटोरिक्सा | रु.३००।- | रु.५००।- |
| २ | विद्युतीय रिक्सा | रु.३००।- | रु.५००।- |
| ३ | रिक्सा तथा ठेला | रु.२५।- | रु.२५।- |

**अनुसूची-८**

दफा ८ को उपदफा (२) संग सम्वन्धित)

# विज्ञापन करको दर

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएका विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिने छ :

| क.सं. | विवरण | करको दर (रु.) |
|---|---|---|
| १ | तुल व्यानर प्रति गोटा एक महिनाको लागि | ३६०।०० |
| २ | तुल व्यानर प्रति गोटा १५ दिनको लागि | १८०।०० |
| ३ | वाल पेन्ट प्रति वर्ग फिट | ६।०० |
| ४ | ग्लो साईनवोर्ड, डिपियस वोर्ड प्रति वर्गफिट वार्षिक | ८४।०० |
| डिजिटल डिस्प्ले प्रकृतिको विज्ञापन प्रति महिना | | |
| १ | अडियो भिडियो डिस्प्ले १४ इन्च सम्म | २,४००।०० |
| २ | अडियो भिडियो डिस्प्ले १४ इन्च भन्दा माथी प्रति इन्च थप | १८०।०० |
| ३ | डिजिटल डिस्प्ले मात्र प्रति वर्ग फूट | १२०।०० |
| ४ | माथी उल्लेखित वाहेकका होर्डिङ वोर्ड तथा पेन्टीङ एवं लेखन प्रति वर्गफुट | १८।०० |

नोटः

(१) गाउँपालिका क्षेत्रभित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ । यस्तो विज्ञापन राखे वापत गाउँपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा (पचास प्रतिशत) हुनेछ । ,

(२) गाउँपालिकाको इजाजत नलिई गरिएका विज्ञापन सामग्रीहरुलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रीम सूचना विना हटाउन सक्नेछ ।

(३) पसलहरुमा राखिने परिचय पाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साईज अनुसार) मा विज्ञापन कर लाग्ने छैन । तर, परिचय पाटिमा विज्ञापन मूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ ।

## अनुसूची-९

## मनोरन्जन कर

क) सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रदर्शन, थ्रिएटर संगित तथा मनोरञ्जन प्रदर्शनस्थलको प्रवेश शुल्कमा रु १।- का दरले मनोरञ्जन कर लाग्ने ।

ख) जादु सरकश, चटके आदीमा प्रतिदिन रु ४००। अथवा मासिक रु १००००। लाग्ने ।

ग) गाँउपालिका क्षेत्रभित्र सञ्चालित महोत्सव, तथा औधोगिक मेला अनुमति शुल्क १५ दिन सम्म रु २५०००।

ग) गाँउपालिका क्षेत्रभित्र सञ्चालित महोत्सव, तथा औधोगिक मेला अनुमति शुल्क ३० दिन सम्म रु ५००००।

घ) अन्यको हकमा प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।

## अनुसूची-९

(दफा १० को उपदफा (२) संग सम्वन्धित) बहाल

### बहाल बिटौरी शुल्कको दर

प्रचलित कानून बमोजिम बहाल विटौरी शुल्क असुली गर्नका लागि गाउँ कार्यपालिकाको बैठकले निर्णय अुनसार गाउँपालिकाले निर्माण गरेका र गा.पा.को रेखदेखमा सञ्चालनमा रहेका हाटबजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत उपयोगको प्रकृति हेरी प्रति वर्गफिट रु. २ देखि रु. २० सम्मको व्यवसायको प्रकृति हेरी बहाल विटौरी शुल्क लिइनेछ ।

# अनुसूची-११

दफा ११ को उपदफा (१) संग सम्वन्धित)

## सवारी साधन पार्किङ्ग शुल्कको दर

गाउँ कार्यपालिकाले तोकेको क्षेत्रमा सवारी पार्किङ्ग गरे बापत देहाय बमोजिम पार्किङ्ग शुल्क लिईने छ ।

| क.सं. | सवारीको किसिम | प्रति घण्टा रु |
|---|---|---|
| १ | ठुला सवारी साधन जेसिवी, स्काभेटर र टलरे | ३० |
| २ | साना सवारी साधन बस, मिनिबस, ट्रक | २ |
| ३ | टयाक्टर | १५ |
| ४ | हल्का सवारी साधन माइक्रो, कार, जीप अट्टो, पावरटलर आदी | १० |
| ५ | मोटरसाईकल , स्कुटर | ५ |

## अनुसूची-१२

दफा १२ को उपदफा १) संग सम्वन्धित)

### ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग शुल्कको दर

क) गाँउपालिका क्षेत्र भित्र रहेका पर्यटकीय क्षेत्रहरुमा देहाय बमोजिमका शुल्क लाग्नेछ ।

| सि.नं. | विवरण | स्वदेशी नागरिक | विदेशी नागरिक |
|---|---|---|---|
| १ | व्यक्तिगत प्रवेश | ५।- | ५०।- |
| २ | सामुहिक /पारिवारिक | ५०।- | १५०।- |
| ३ | पार्टि पिकनिक | ३००।- | ५००।- |

ख) क्यानोईङ र्‍याफ्टीङ्ग

| सि.नं. | विवरण | स्वदेशी नागरिक | विदेशी नागरिक |
|---|---|---|---|
| १ | व्यक्तिगत प्रवेश | ५०। | १५०। |
| २ | सामुहिक /पारिवारिक (बढीमा ३ जना) | १५०। | ३५०। |

# अनुसूची-१३

दफा १३ को उपदफा (१) संग सम्वन्धित)

## सडक मर्मत सुधार सेवा शुल्कको दर

साविक गाउँ विकास समिति र हाल गाउँपालिकाको लगानीमा निर्माण गरिएका स्थानिय पूर्वाधार विशेष गरी ग्रामिण स्तरका सडकहरुमा सो सडक प्रयोग गरे वापत सडक मर्मत शुल्कका सेवा शुल्क लिइनेछ ।

सेवा शुल्कको दर :

(क) ट्रक, मिनी ट्रक, ट्याकटर, मिनि वस आदी ठुला सवारीमा प्रति ट्रिप रु २००।-

(ख) कार, जिप आदी साना सवारीमा प्रति ट्रिप रु १००।-

## अनुसूची - १४
(दफा १४ को उपदफा (१) संग सम्वन्धित)

## वातावरण तथा सरसफाई शुल्कको दर

| सि.नं. | ईट्टा बिक्री ढुवानी बापत | प्रति टिपर, दर |
|---|---|---|
| १ | १० पाग्रे सवारी साधन | १०५० |
| २ | ६ पाग्रे सवारी साधन | ५०० |
| ३ | ४ पाग्रे सवारी साधन | २०० |

## अनुसूची -१५

दफा १५ को उपदफा (१) संग सम्वन्धित)

# सेवा शुल्क तथा दस्तुरको दर

| सि.नं. | सेवाको किसिम | साविकको दर | प्रस्तावित दर दर (रु.) |
|---|---|---|---|
| १ | पक्का घरको सर्जमिन वापत | १०००।- | १०००।- |
| २ | सवै प्रयोजनको सर्जमिन वापत | ५००।- | २००।- |
| ३ | अचल सम्पत्ति मूल्याकंन | ०.१ प्रतिशत | ०.१ प्रतिशत |
| ४ | आय श्रोत प्रमाणित | ०.१ प्रतिशत | ०.१ प्रतिशत |
| ६ | रकम कलम उठाई दिएवापत | २ प्रतिशत | २ प्रतिशत |
| ७ | अन्य सवैखाले निवेदन फारामहरु प्रतिगोटा | २०।- | २०।- |
| ८ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | ५००।- देखी १०००। - सम्म | ५००।- देखी १०००। - सम्म |
| ९ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | १००।- | १००।- |
| १० | टो.वि.स. दर्ता शुल्क/नविकरण | २००।- | २००।- |
| ११ | व्यापार व्यवसायको ठाउँसारी उदेश्य थप, पुँजी बृद्धि, नाम संशोधन, नामसारी, कारोबार बन्द | - | ५००।- (प्रत्येक शिर्षकमा) |

**विभिन्न प्रमाणित तथा सिफारीस दस्तुरः**

| सि.नं. | सेवाको किसिम | साविक दर | प्रस्तावित दर |
|---|---|---|---|
| १ | घरवाटो साँध सिमाना प्रमाणित | ५००।- | २५०।- |
| २ | घरवाटो साँध सिमाना प्रमाणित सर्जमिन गर्नु परेमा | ५००।- | ५००।- |
| ३ | नागरिकता प्रमाणपत्रको सिफारिस | १००।- | १००।- |
| ४ | जग्गा नामसारी सिफारिस | ५००।- | ५००।- |
| ५ | नाम, थर संशोधन सिफारिस | ५००।- | ५००।- |
| ६ | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | २०००।- | २,५००।- |
| ७ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | ५००।- | |
| ८ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) | २००।- | २००।- |
| ९ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा | १००।- | १००।- |
| १० | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर | १०००।- | १,०००।- |
| ११ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | २०००।- | २,०००।- |
| १२ | विद्युत जडानको सिफारिस दस्तुर | ३००।- | ३००।- |
| १३ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | ३००।- | ३००।- |
| १४ | बैदेशिक रोजगारको लागि सिफारिस | १०००।- | १,०००।- |
| १५ | परिवार ल्याएको/लगेको सिफारिस | १०००।- | १,०००।- |

| | | | |
|---|---|---|---|
| १६ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | २०००।- | २,०००।- |
| १७ | नाता प्रमाणित दस्तुर | ३००।- | ३००।- |
| १८ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | २०००।- | २,०००।- |
| १९ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २००।- | २००।- |
| २० | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | १०००।- | १,०००।- |
| २१ | निजी विद्यालय सञ्चालनको सिफारिस | १०,०००।- | १०,०००।- |
| २२ | निजी विद्यालय कक्षाथपको सिफारिस | ३०००। | ३,०००।- |
| २३ | मोही नामसारी सिफारिस | १०००।- | १,०००।- |
| २४ | सम्बन्ध विच्छेदको सिफारिस | १०००।- | १,०००। |
| २५ | ठुला उद्योग स्थापनाको सिफारिस | ३०,०००।- | ३०,०००।- |
| २६ | मझौला उद्योग स्थापनाको सिफारिस | २०,०००।- | २०,०००।- |
| २७ | साना तथा घरेलु उद्योगको सिफारिस | १,०००।- | १,०००।- |
| २८ | रुख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक | २००।- | २००।- |
| २९ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | १५०।- | १५०।- |
| ३० | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५००।- | ५००।- |
| ३१ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | १०००।- | १,०००।- |
| ३२ | अपुताली सिफारिस (नेपालको लागि) | १०००।- | १,०००।- |
| ३३ | अपुताली सिफारिस (विदेशको लागि) | ५,०००।- | ५,०००।- |
| ३४ | व्यक्तिगत घटना दर्ता (जन्म मृत्यू विवाह,वसाई सराई) प्रमाणित तथा सिफारिस (३५ कटेपछि ७० दिनसम्मको ) प्रतिलिपिको रु ५०० लाग्ने छ। | ३५ दिन सम्मः निशुल्क ३५ दिनपछि रु २०० लाग्ने छ। | संसोधन अनुसार हुने। |
| ३५ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २००।- | २००।- |
| ३६ | वैदेशिकको हकमा प्रति डकुमेन्ट (एकमुस्ठ) | १५००।- | १,५००।- |
| ३७ | प्रमाणीकरण दस्तुर | ४००।- | ४००।- |

नोटः

- आर्थिक सहायता, छात्रवृत्ति, विपन्न, विपद्, अपाङ्ग तथा राज्यले तोकेका गम्भिर प्रकृतिका रोग सम्बन्धि सिफारिस निशुल्क गरिनेछ।
- गाउँपालिकामा दर्ता भएका व्यवसायको पान नम्बर दर्ता सिफारिस निशुल्क गरिनेछ।
- शिक्षा, स्वास्थ्य र कृषि विकास सँग सम्बन्धित सिफारिस निशुल्क गरिनेछ।
- न्यायिक समिति सम्बन्धि आपतकालिन घटनाको घटना सिफारिस निशुल्क गरिनेछ।

## चार किल्ला प्रमाणित

| जग्गाको क्षेत्रफल | राजमार्गको ५ सय मिटर भित्र | अन्य क्षेत्र |
|---|---|---|
| बाटो चार किल्ला प्रमाणित | रु. २५०।- | रु. १००।- |

## घर नक्सा पास दस्तुर

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | नक्सापास निवेदन फारम दस्तुर | रु.५००।- |
| २. | पक्का घर समेत प्रति वर्गफिट दस्तुर | |
| क. | पक्का घर प्रति वर्गफिट दस्तुर( पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ को १०० मिटर दाया बाया तथा सटर भएको घर) | रु.१०।- |
| ख. | पक्का घर अन्य बाटोमा प्रति वर्गफिट दस्तुर | रु. ५।- |
| ३. | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क (पक्की) | रु. २,०००।- |
| ४. | गाउँपालिका हुनु भन्दा अगाडी निर्माण गरेको नक्सापास गर्दा (मापदण्ड अनुरुप निर्माण भएको भएमा मात्र) प्रति वर्ग फिट (अभिलेखिकरण) | |
| क | त्रिभुवन राजपथसँग जोडिएक घरको (प्रति स्क्वायर फिट) | रु.३।- |
| ख | महादेववेशी बजार र ५०० मीटर आसपासको क्षेत्रसँग जोडिएको घर (प्रति स्क्वायर फिट) | रु ५ |
| ग | पृथ्वी राजमार्गसँग जोडिएको २०० मिटर दाया बाया जोडिएको घर (प्रति स्क्वायर फिट) | रु ५ |
| घ | अन्य क्षेत्रमा रहेका घरको (प्रति स्क्वायर फिट) | रु २।- |
| ५ | राजमार्ग आसपासका व्यवसायिक टहरा प्रति बर्ग फिट | रु ५।- |
| ६ | अन्य टहरा प्रति बर्ग फिट | रु २।- |
| ७ | धर नक्सा नामसारी (एकाघर नभएमा) प्रति बर्ग फिट | रु.२।- |
| ८. | घर नक्सा नामसारी पक्की (एकाघर) | रु १,०००।- |

**अनुसूची - १६**

(दफा १६ को उपदफा (१) संग सम्वन्धित)

# बिक्रीको दर

| सामग्रीहरु | दर रु (प्रति घन फिट) | |
|---|---|---|
| | संकलन | बिक्री |
| ढुङ्गा, चुनढुङ्गा, गिट्टी, वालुवा, स्लेट र रोडा | ३।०० | ६।०० |
| माटो तथा क्रसरको धुलो | ०।५० | २।०० |
| ग्राभेल | १।५० | ३।०० |
| ईट्टा | प्रति ट्रीप<br>४ पाङग्रे<br>६ पाङग्रे<br>१० पाङग्रे माथि | <br>२००।-<br>५००।-<br>१०५० ।- |

## अनुसूची - १७

(दफा १७ को उपदफा (१) संग सम्वन्धित)

# दण्ड जरिवानाको दर

| क.सं. | कसूर | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा बिक्रीको अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाल सम्झौतामा उल्लेख गरिएको परिमाणभन्दा बढी उत्खनन् गरेमा वा अनुमति बेगर उत्खनन वा बिक्री गरेमा | उत्खनन् भएको परिमाण जफत गरी प्रति घन फिट रु १५ जरिवाना |
| २ | नक्सा पास नगरी निर्माण कार्य गरेमा | ३,००० |
| ३ | जथाभावी फोहोर मैला निष्काशन गरेमा | पहिलो पटक रु. २००<br>त्यसपछि हरेक पटक दोब्बर रु. ५०,००० सम्म |
| ५ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | व्यवसायको प्रकृतिहेरी उक्त व्यवसायको वार्षिक करको दोब्बर बराबरले हुने रकम |
| ६ | गाउँपालिकाले निषेध गरेका कृयाकलाप संचालन गरेमा | गाउँ कार्यपालिकाले निणर्य गरे बमेजिम रु. १,००,००० सम्म |